# वैदेशिक अध्ययन वा श्रम/रोजगार वा भ्रमणमा जानु हुने व्यक्तिहरुले ध्यान दिनुपर्ने कुराहरू:

## नेपाली नागरिकले विदेशबाट नेपाल फर्कंदा साथमा ल्याउन वा आउनु अघि वा पछि पठाउन सकिने वस्तुहरू सम्बन्धमा जानकारी

## भन्सार महसुल नलाग्ने वस्तुहरू

### पुरानो प्रयोग भएका वस्तुहरू



- बरबिछ्यौना
- घर गृहस्थिका सामानहरू
- लुगाफाटा

### खाद्यान्न




- ७ किलोग्रामसम्मको खाद्य परिकार

### गरगहना



- पुरुषको हकमा सुनका गहना २५ ग्रामसम्म
- महिलाको हकमा सुनका गहना ५० ग्रामसम्म
- चाँदीका गहना ५०० ग्रामसम्म
- रु १ लाखसम्मका जवाहरात जडित सुन वा चाँदीका गर-गहनाहरू

### बिरामी तथा अशक्त यात्रुहरूको लागि



- बिरामीहरूले ल्याएका औषधीहरू
- सहाराको रूपमा प्रयोग गरेका सामानहरू

### बच्चाहरूको लागि



- पेराम्बुलेटर १ थान
- ट्राइसाईकल १ थान

### पेशाकर्मीहरूले प्रयोग गर्ने उपकरण



- खेलाडीहरूको लागि
- संगितकर्मीहरूको लागि
- चिकित्साकर्मीहरूको लागि

### मदिरा




- १ लिटरसम्मको मदिरा १ बोतल

### यन्त्र/उपकरणहरू



- ट्याबलेट, ल्यापटप वा डेस्कटप कम्प्युटर कुनै १ मात्र
- भिडियो क्यामेरा र क्यामेरा १ थान
- घडि र पेनड्राइभ १ थान
- मोबाइल १ थान (श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई लगातार ६ महिना काम गरी आउने नागरिकलाई थप १ थान मोबाइलः भन्सार प्रक्रिया पुरा गर्नुपर्ने)
- श्रम स्वीकृतीमा वैदेशिक रोजगारीमा गई लगातार कम्तिमा १२ महिना काम गरी फर्कंदा सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका यात्रुको हकमा जुनसुकै आकार वा प्रकारको १ थान टिभी र त्यस्तो कोषमा सूचीकृत नभएको हकमा ३२ इन्चसम्मको १ थान टिभी साथमा ल्याउँदा सम्पूर्ण महसुल छुट दिइनेछ ।

## भन्सार तिरेर साथमा ल्याउन पाउने वस्तुहरू

### व्यक्तिगत प्रयोगका सामानहरू



- लुगाफाटा बढीमा १५ थान
- जुत्ता बढीमा १५ जोर
- कस्मेटिक बढीमा १५ थान

### सुर्तिजन्य



- २०० खिल्लीसम्म चुरोट (तोकिएको परिमाण भन्दा बढि चुरोट ल्याएमा सत्प्रतिशत थप भन्सार महसुल तिर्नूपर्छ)
- ५० खिल्लीसम्म सिगार (तोकिएको परिमाण भन्दा बढि सिगार ल्याएमा सत्प्रतिशत थप भन्सार महसुल तिर्नूपर्छ)

### घरायसी उपकरणहरू जस्तै



- १ सेट
- १ सेट
- १ सेट
- २ सेट
- २ सेट



- १ सेट
- १ सेट
- १ सेट
- २ सेट



- खाद्य परिकार १० किलो ग्रामसम्म
- पेशाविद्हरूको दक्षता वृद्धिको लागि आवश्यक पर्ने सामान २/२ थान
- नितान्त घरव्यवहारमा आवश्यक पर्ने सामान २/२ थान

## धेरै सोधिने प्रश्नहरू

**क) साथमा टिभी ल्याउने सम्बन्धमा**

श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका लगातार कम्तीमा १२ महिना काम गरी नेपाल फर्कने सामाजिक सुरक्षा कोषमा सूचीकृत भएको व्यक्तिले जुनसुकै आकार वा प्रकारको र त्यस्तो कोषमा सूचीकृत नभएकोमा ३२ इन्चसम्मको टेलिभिजन ल्याउँदा कुनै भन्सार महसुल लाग्दैन तर १२ महिना नबसी साथमा ल्याएको कुनै पनि टिभी वा अध्ययन तथा भ्रमणबाट फर्कंदा ल्याएको टिभीमा नियमानुसार महसुल लाग्छ ।

**ख) टिभीमा कति महसुल लाग्छ ?**

महसुल तिरी टिभी साथमा ल्याउने अवस्थामा टिभीको मूल्यमा उप-शीर्षक ८५२८७२ बमोजिमको महसुल लाग्दछ ।

**ग) नेपाली नागरिकले आफ्नो साथमा ल्याउन पाउने सुन तथा सुनका गहना सम्बन्धमा**

सुनका गहनाको हकमा महिलालाई ५० ग्रामसम्मभा र पुरुषलाई २५ ग्रामसम्ममा कुनै महसुल लाग्दैन । सोभन्दा बढी १०० ग्राम सम्मको सुनको गहना महसुल तिरी ल्याउन पाइन्छ । तर, पुरुषको हकमा १२५ ग्राम र महिलाको हकमा १५० ग्राम भन्दा बढी सुनको गहना साथमा बोकेमा बढी भएजति सबै जफत हुनेछ । यस्तै, काँचो सुनको हकमा अधिकतम १०० ग्रामसम्म महसुल तिरेर ल्याउन पाइन्छ । सामान्य गहनाको आकार मात्रै दिएर बनाइएका बेरुवा औंठी, बाला, सिक्रि जस्ता रसायन प्रयोग नगरिएको सुनलाई गहनाको रूपमा मान्यता दिइने छैन ।

**घ) मदिरा सम्बन्धमा**

नेपाली नागरिकले नेपाल फर्कंदा कुनै पनि प्रकारको १ लिटरसम्मको १ बोतल रक्सी साथमा ल्याउन पाइन्छ ।

**ङ) उपहार सम्बन्धमा**

कुनै पनि प्रकारका उपहार पठाउँदा त्यस्तो वस्तुहरूमा नियमानुसार भन्सार महसुल लाग्नेछ ।

**च) अरूको वस्तु ल्याइदिने सम्बन्धमा**

आफ्नो भन्दा बाहेक अरू व्यक्तिको मालवस्तु बोकेर आउँदा अनिवार्य रूपमा उक्त वस्तु के हो भन्ने बुझेर मात्र साथमा ल्याउनु होला । कुनै कारणवश प्रतिबन्धित वस्तु साथमा भेटिएमा साथमा ल्याउने यात्रुलाई समेत कारवाही हुने हुँदा सचेत रहनुहोला ।

## थप जानकारीको लागि


नेपाल सरकार
अर्थ मन्त्रालय
**भन्सार विभाग**
त्रिपुरेश्वर, काठमाडौं
फोन नं. ०१ ५९१७२१५/१७/२५/२६/२७/२९/३१
फ्याक्स नं. ०१ ५९१७२३०
इमेलः csd@customs.gov.np वेबसाइटः www.customs.gov.np
Mobile Apps (Android/ IOS): Nepal Customs


- हाम्रो वेबसाइट: www.customs.gov.np
- हाम्रो युट्युब च्यानल: भन्सार विभाग
- हाम्रो फेसबुक पेज: Department of Customs, Nepal

नेपाल सरकार
अर्थ मन्त्रालय
# भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं

## नेपाली नागरिकले विदेशबाट नेपाल फर्कंदा साथमा ल्याउन पाउने वस्तु सम्बन्धमा

### सुनका गहना

#### पुरुषको हकमा



सुनका गहना २५ ग्रामसम्म

#### महिलाको हकमा



सुनका गहना ५० ग्रामसम्म

- थप ५० ग्राम सुनका गहना साथमा ल्याउँदा प्रचलित दर बमोजिम महसुल लाग्नेछ ।
- त्यसभन्दा थप ५० ग्राम सुनका गहनाहरुमा प्रचलित दरमा थप ३% महसुल लाग्नेछ ।

**तर सामान्य गहनाको आकार मात्रै दिएर बनाइएका बेरुवा औंठि, बाला, सिक्री जस्ता वस्तुलाई गहनाको रुपमा मान्यता दिइने छैन ।**

### सुनका सम्बन्धमा

- ५० ग्रामसम्म प्रचलित दर बमोजिम महसुल लाग्ने ।
- त्यसभन्दा थप ५० ग्रामसम्ममा प्रचलित दरमा थप ३% महसुल लाग्ने ।

### थप जानकारीको लागि

हाम्रो वेबसाइट
www.customs.gov.np

हाम्रो युट्युब च्यानल
भन्सार विभाग

हाम्रो फेसबुक पेज
Department of Customs, Nepal

फोन: ५९१७२१५/१७/२५/२६/२७/२९/३१
E-mail: csd@customs.gov.np
Mobile Apps (Android/ IOS): Nepal Customs
फ्याक्स : ५९१७२३०
Web : www.customs.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय

# भन्सार विभाग

त्रिपुरेश्वर, काठमाडौं

## नेपाल सरकारको श्रम स्वीकृतीमा वैदेशिक रोजगारीबाट फर्कंदा नेपाली नागरिकले साथमा ल्याउँदा महसुल छुट हुने सम्बन्धमा

### टि.भी.

**लगातार कम्तिमा १२ महिना काम गरी फर्कंदा**



| सामाजिक सुरक्षा कोषमा आवद्ध यात्रुको हकमा | कोषमा आवद्ध नभएका यात्रुको हकमा |
|---|---|
| जुनसुकै आकार वा प्रकारको १ थान टि.भी. | ३२ इन्चसम्मको १ थान टि.भी. |

(यस्तो सुविधा १ पटक मात्र)

### मोबाइल

**लगातार ६ महिना काम गरी फर्कंदा**




२ थान

आफुले प्रयोग गरिरहेको १ थान मोबाइलको हकमा दुरसञ्चार प्राधिकरणको MDMS प्रणालीमा आफैंले अनलाइन माध्यमबाट दर्ता गर्नुपर्ने ।

थप १ थान मोबाइलको हकमा भन्सार प्रक्रिया पुरा गर्नुपर्ने ।

## थप जानकारीको लागि

हाम्रो वेवसाइट
www.customs.gov.np

हाम्रो युट्युब च्यानल
भन्सार विभाग

हाम्रो फेसबुक पेज
Department of Customs, Nepal

फोनः ५९१७२१५/१७/२५/२६/२७/२९/३१
E-mail: csd@customs.gov.np
Mobile Apps (Android/ IOS): Nepal Customs
फ्याक्स : ५९१७२३०
Web : www.customs.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
# भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं

*नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागको सूचना बमोजिम*

# विदेशी मुद्रा भन्सारमा घोषणा गर्नु पर्ने सम्बन्धी सूचना

## Notice Regarding Declaration of Foreign Currency at Customs

- नेपाली वा विदेशी नागरिकले वैदेशिक यात्रामा जाँदा वा नेपाल आउँदा आफ्नो साथमा विदेशी मुद्रा अमेरिकी डलर ५ हजार वा सो बराबरको अन्य विदेशी मुद्रा वा सोभन्दा बढी मुद्रा साथमा ल्याउनु भएको छ भने अनिवार्य रुपमा भन्सारमा स्वघोषणा (सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ बमोजिम) गर्नु पर्दछ ।

Nepalese or Foreign citizen carrying foreign currency worth US$ 5,000 (Five Thousand) or more while traveling abroad or coming to Nepal must self–declare (as per Anti–Money Laundering Act, 2064) at customs.

- नेपाली नागरिकले विदेश जाँदा परिवर्त्य विदेशी मुद्रा साथ लिई जाँदा राहदानीमा अनिवार्य रुपमा दरपिठ गरेको हुनुपर्नेछ ।

Nepalese citizens traveling abroad carrying convertible foreign currency must mention about the foreign currency in their passports.

- विदेशी नागरिकले नेपालबाट अन्य मुलुक जाँदा प्रतिव्यक्ति अमेरिकी डलर ५ हजार वा सो बराबरको अन्य विदेशी मुद्रा भन्दा बढी नगदै साथमा लैजान पाउने छैन, तर नेपाल आउँदा भन्सार स्वघोषणा गरि ल्याएको सिमाभित्रको रकम लैजान बाधा पर्ने छैन ।

Foreign citizens are not allowed to take with them more than US$ 5,000 or equivalent in other foreign currency in cash when returning from Nepal, but there won't be obstacle to take the money within the limits of self–declared amount while entering Nepal.

नोट: विदेशी मुद्रा भन्नाले विदेशी मुद्रा धारक विनिमय अधिकारपत्र समेतलाई जनाउँदछ ।

Note: Foreign Currency refers to Bearer Negotiable Instruments too.

## थप जानकारीको लागि

हाम्रो वेवसाइट
www.customs.gov.np

हाम्रो युट्युब च्यानल
भन्सार विभाग

हाम्रो फेसबुक पेज
Department of Customs, Nepal

फोन: ४९९७२१५/१७/२५/२६/२७/२९/३१

E-mail: csd@customs.gov.np
Mobile Apps (Android/ IOS): Nepal Customs

फ्याक्स : ४९९७२३० 
Web : www.customs.gov.np